नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
स्थापित वि.सं. १९९४

**प्रधान कार्यालय**
**प्रमुख कार्यकारी अधिकृतको कार्यालय**
**धर्मपथ ,काठमाडौ**

प्रेस रिलिज्

# नेपाल बैक लिमिटेडको अर्धवार्षिक समीक्षा गोष्ठी

फाल्गुण ६ काठमाडौ

नेपाल बैक लिमिटेडको चालु आर्थिक वर्षको कार्यसम्पादन सम्वन्धी अर्धवार्षिक समीक्षा गोष्ठी हालै काठमाडौमा सम्पन्न भयो । उक्त गोष्ठीको समापन समारोहमा बैकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र प्रताप शाहले नेपाल बैक लिमिटेडले हाल हासिल गरिरहेका उत्शाहजनक उपलब्धि निम्ति सम्वध्द सबैलाई धन्यवाद दिदै हालका वर्षहरुमा बैकिंग क्षेत्रले गरेको मुनाफा उद्यमी व्यवसायी ,संचार क्षेत्र र नियामक निकाय लगायतका सरोकारवालाबाट प्रश्नबाचक दृष्टिले हेर्ने गरिएको तथा आगामी दिनमा नियमन अरु कडा हुन सक्ने तथा बैकिंग क्षेत्रमा ठूलै समस्या आउन पनि सक्ने संभाव्य परिदृश्यप्रति हामी सजग रहनुपर्ने आवश्यकता औल्याउनुभयो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत श्री शाहले नेपाल बैकको आगामी व्यवस्थापनले अवका दिनमा बैकको नाफालाई दिगो गराउन श्रोत परिचालन ,व्यावसायिक कारोवारको आकार तथा उत्पादकत्व वृध्दि निम्ति उच्चतम व्यवस्थापकीय शीप कौशलको अभ्यास गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा बैकका विज्ञ नायव प्रमुख कार्यकारी अधिकृत दुर्गाराज रेग्मीले बैकको शाखा र कारोवार विस्तारको क्रममा रहेको सन्दर्भमा सबै शाखाबाट प्रविधियुक्त प्रभावकारी सेवा प्रवाह गरेर ग्राहक सन्तुष्टी अभिवृध्दिमा सक्रिय रहनु पर्ने आवश्यकता औल्याउदै सम्वन्धित प्रदेशमा रहेका व्यावसायिक संभावनाहरु पहिचान तथा दोहनमा सक्रियता देखाउन प्रदेश प्रमुखहरुलाई आग्रह गर्नुभयो । नेपाल बैक लिमिटेड संस्थागत योजना तथा अनुसन्धान विभागको आयोजनामा काठमाडौमा सम्पन्न उक्त गोष्ठीमा नायव प्रमुख कार्यकारी अधिकृत राजुनाथ खनाल , सहायक प्रमुख कार्यकारी अधिकृतद्वय कृष्ण बहादुर अधिकारी र लक्ष्मण पौडेल ,प्रधान कार्यालयका विभागीय प्रमुखहरु ,बैकका ७ वटै प्रादेशिक कार्यालय प्रमुखहरु लगायतका उच्च पदस्थ अधिकारीहरुको सहभागिता थियो ।






(मुकुन्द अर्याल )
प्रेस संयोजक